**प्रस्तावहरु**

१. मर्मत सुधारका चालु बर्षमा निरन्तरता दिने योजना सम्बन्धमा ।

२. भारबाहक साधन जोखतौल सम्बन्धमा ।

३. बार्षिक खरिद योजना स्वीकृत सम्बन्धमा ।

४. सहकारी सम्बन्धी कार्यविधि र नीति सम्बन्धमा ।

५. योजना फरफारक सम्बन्धमा ।

६. विपद व्यवस्थापन सामाग्री हस्तान्तरण सम्बन्धमा ।

७. सडक क्षेत्रमा परेका घर सम्बन्धमा ।

८. सेवा प्रवाह नियमित गर्ने सम्बन्धमा ।

९ पशु तर्फ बिनियोजित रकम खर्च सम्बन्धमा ।

१० सडक स्तरोन्नतीको लागि सडक विभागमा अनुरोध गर्ने सम्बन्धमा ।

११. अस्पताल संचालन सम्बन्धी मार्ग दर्शन सम्बन्धमा ।

निर्णय प्रतिलिपि उतार

इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

निर्णयहरु :

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्र समेत प्रभावित हुनेगरी गत वर्ष भएको अत्याधिक वर्ष, वाढी र पैह्रोबाट पुग्न गएको क्षतिलाई अनुगमन गरि सातौं नगर सभामा योजनाको रुपमा समायोजन भएका योजना मध्ये १४ वटा योजना संचालन हुन बाँकी भएकोमा उक्त पेश हुन आएका मध्ये १२ वटा योजनाको लागि सम्बन्धित वडाको सिफारिशमा रु. ३४,८८,०००/- वरावरको योजनालाई चालु वर्षमा निरन्तरता दिई सोको बजेट व्यवस्था मर्मत संभारबाट गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रभित्र मालवाहक साधन जोखतौल गर्नका लागि प्रकृयात्मक आधार स्पष्टताका लागि कार्यालयबाट पेश हुन आएको जोखतौल सम्बन्धी प्रकृयात्मक आधार ०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस नगरपालिकाको सातौं नगर सभाबाट स्वीकृत योजनाहरु १५१ वटा समावेश भएको आ.व. ०७७/०७८ को वार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस नगरपालिकाको सहकारी विकास समितिबाट उत्पति भई विद्येयक समितिबाट सैद्धान्तिक सहमति भई पेश हुन आएको यस नगरपालिका क्षेत्रभित्रका सहकारी संस्थाहरुलाई थप सु-व्यवस्थित रुपमा संचालन गर्ने सम्बन्धमा व्यवस्थागर्न बनेको सहकारी नीति २०७७ र यस विषम् परिस्थितिमा सहकारी संस्थाहरुको साधारण सभा संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको सहकारी संस्थाहरुको साधारण सभा संचालन सम्बन्धी विशेष व्यवस्था ०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा पेश्कि बेरुजु तथा योजना फरफारक समितिको ०७७/०३/३१ र ०७७/०५/२३ को निर्णययानुसार कार्य सम्पन्न भई फरफारक भएका योजनाहरुको फरफारक अनुमोदन गरि बाँकी रकम सम्बन्धित उपभोक्ता समितिलाई भुक्तानी दिने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ उपर छलफल गर्दा विष्णुदल गण धुलिखेललाई विपद् व्यवस्थापन शीर्षकबाट रु. ४९२,९६२/५० वरावरको सामाग्रीहरु खरिद गरि हस्तान्तरण गरिएको रकम समर्थन गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

हरि प्रसाद चापागाई

७. प्रस्ताव नं. ७ उपर छलफल गर्दा कामी डाँडा सडक खण्डको ब्याकु क्षेत्रमा पर्ने केहि घरहरु नहटाई सडक विस्तार गर्न समस्या सृजना भएकोले नगर सभाबाट स्वीकृत सम्बन्धित खर्च शिर्षकबाट त्यस्ता हटाउनु पर्ने निश्चित घर टहरालाई प्रति घर ५०,०००/- र टहराका हकमा प्रति टहरा २५,०००/- का दरले उक्त संरचना हटाउन लाग्ने खर्च मध्येबाट सम्बन्धित संरचना धनीलाई उपलब्ध गराउने र यस पूर्व उपलब्ध गराइसकिएका केहि संरचना धनीका हकमा निकासा भएको रकम समर्थन गर्ने समेत निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ उपर छलफल गर्दा हालै विश्वव्यापी महामारीको रुप लिईरहेको COVID-19 बाट सृजित विषम् परिस्थितिमा नगरपालिका र वडा कार्यलयबाट प्रवाह भएका सेवा सुविधा प्रभावित भई सर्वसाधारणलाई मर्का परेको अवस्था समेतलाई दृष्टिगत गरि स्वास्थ्य सम्बन्धी सम्पूर्ण मापदण्डलाई ध्यानमा राख्दै निश्चित भौतिक दुरि कायम गरि सेवा प्रवाह लाई २०७७/०५/२८ गतेदेखि साविककै अवस्थामा झै नियमित रुपमा प्रवाह गर्ने व्यवस्था मिलाउने साथै ०७७/०५/१८ को निर्णयानुसार जारि सूचनाका हकमा स्वास्थ्य सम्बन्धि मापदण्ड अपनाई सर्वसाधारण, उद्योगधन्दा प्रतिष्ठानबाट प्रदान गर्ने सेवा सुविधाका हकमा नेपाल सरकाले तोकेको मापदण्ड बमोजिम हुने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ उपर छलफल गर्दा यस नगरपालिकाको सातौं नगरसभाबाट स्वीकृत पशु विकास तर्फ विनियोजित बजेट खर्च शीर्षकको सि.नं. २० मा व्यवस्था भएको जम्मा बजेट रुं १ करोड २० लाखलाई देहाय बमोजिम विनियोजन गर्ने निर्णय गरियो ।

निम्न,

१. सूचना (बोलपत्र) आशय पत्र पकाशन - ६५,०००/-
२. घाँसको प्याकेज वितरण (६५० प्याकेज) - १,५०,०००/-
३. सफ्टवेयर निर्माण - १,५०,०००/-
४. भैपरि आउने - ३०,०००/-
५. पाडि ३०६ × ३७५८३.२२ = १,१५,००,४९८/९८
जम्मा रु. १,१८,९५,४९८/९८

निर्णय प्रतिलिपि उतार
२०७७/०६/०४
इन्द्रप्रसाद अधिकारी
प्रशासकीय अधिकृत

१०. प्रस्ताव नं. १० उपर छलफल गर्दा यस नगरपालिका क्षेत्र प्रत्यक्ष लाभान्वित भई जिल्लाको दक्षिणी भाग हुँदै मकवानपूरको फापरवारीबाट बागमती प्रदेशको राजधानी हेटौडा सम्म पुग्न सकिने सडकको नाका खुलिसकेतापनि बनेपा पनौती खोपासी सडकको जिर्णताले दैनिक आवागमन पूर्ण प्रभावित छ । आगामी वर्ष मकर मेला समेत यस नगरमा लाग्दैछ, मेलामा स्वदेश तथा विदेशबाट लाखौ दर्शनार्थीको जमघट हुने हुँदा गत विगतमा बनेपा पनौती सडक र पनौती खोपासी सडक भनि व्यवस्था गरि सडक डिभिजन कार्यालयबाट प्रत्यक्ष रेखदेख र मर्मत सम्भार हुँदै आएको उक्त दुवै सडकलाई एउटै सडक बनेपा- पनौती- खोपासी सडक कायम गरि राष्ट्रिय राजमार्ग घोषणा गरि सो सडकको तत्काल स्तरोन्नतीको लागि आवश्यक बजेट व्यवस्था गरिदिन सडक विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ उपर छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय आ.प्र. शाखाको मिति २०७७/०५/२३ को पत्र साथ प्राप्त स्वास्थ्य मन्त्रालयको ५ वेडको अस्पताल संचालन सम्बन्धी मार्गदर्शन जानकारी भयो ।

निर्णय प्रमाणित
२०७७/५/२८
हरि प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

५.

मिति २०७७।०५।२५ को नगरकार्यपालिकाको बैठकबाट
स्वीकृत (निर्णय नं. ०४ संग सम्बन्धित)

# पनौती नगरपालिकाको सहकारी नीति २०७७

## १. पृष्ठभूमी

पनौती नगरपालिका क्षेत्रभित्रका सहकारीहरु मार्फत सामाजिक,आर्थिक एवं चौतर्फी विकासमा योगदान गर्न नगरक्षेत्रभित्र संचालनमा आएका सहकारी संस्थाहरुलाई सुशासन कायम राखी जवाफदेही बनाउन आवश्यक देखिएकोले,

सहकारी संस्थाहरुलाई प्रचलित सहकारी ऐन कानून र सहकारीका आधारभूत मूल्य मान्यता र सिद्धान्तहरुको अनुशरण गर्दै नगरक्षेत्रको आर्थिक विकासमा सहकारीको भूमिकाको महत्वलाई दृष्टिगत गर्दै तिनका योगदानले नगरवासीहरुको उन्नतस्तरको जीवनस्तर यापन गर्न सक्षम बन्न सकुन भन्ने उद्देश्यले संघिय,प्रदेश र नगरको सहकारी ऐन २०७४ बमोजिम सहकारी संस्थाहरुको कामलाई व्यवसायिक बनाई र प्रभावकारी सिद्ध गर्न नगरभित्रका सहकारी संस्थाहरुको लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (ख) तथा पनौती नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने ) ऐन २०७५को दफा ४ले दिएको अधिकार प्रयोग गरि पनौती नगरकार्यपालिकाले यो नीति बनाई लागु गरेको छ । यो नीति नगर कार्यपालिका बैठकले निर्णय गरेका मितिदेखि पनौती नगरपालिका क्षेत्रभित्रका सहकारी संस्थाहरुमा लागि लागू हुनेछ ।

निर्णय प्रतिलिपि उतार

इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

## २. हाम्रा प्रयत्नहरु र वर्तमान अवस्था

संघीय तथा प्रदेश तहमा सहकारी ऐन,नियमावली जारी भएसँगै पनौती नगरपालिकाले पनि नगर सहकारी ऐन २०७४ जारी गरि सकेको अवस्था छ । नगरकार्यपालिकाको बोर्ड बैठकद्वारा नगरस्तरीय सहकारी समिति गठन भई क्रियाशिल हुँदै आएको छ । पनौती नगरपालिकाक्षेत्रभित्र हालसम्म १४३ वटा विभिन्न प्रकृतिका सहकारी संस्थाहरु क्रियाशिल भएको अवस्था विद्यमान छ । कार्यपालिका बैठकले रजिष्टार समेत तोकेको अवस्था छ ।नगर स्तरिय सहकारी समिति अन्तर्गत विभिन्न विषयगत समिति समेत बनेका छन् । नगर स्तरिय सहकारी समितिले आफ्नो आयोजनामा बिभिन्न गोष्ठी,कार्यशाला र आवश्यकता अनुरुप बैठकहरु सम्पन्न गरेको छ ।

## ३.अवसर

सहकारी चेतना,उपयुक्त कार्य वातावरण,उपलब्ध समुदायमुखी संस्था,विषयगत संघहरुसँगको आवद्धता,माथील्ला तहमा नेतृत्व स्थापीत,पूँजीको उपलब्धता र पहुँच,स्थानीय साधन श्रोतको अधिकता, ठूला वजारसँगको निकटता ।

## ४. हाम्रा देखिएका समस्या र चूनौतीहरु

सहकारी क्षेत्रको विकास गर्न संघीय तथा प्रदेशस्तरमा समेत प्रयास र पहलकदमी हुँदै नभएका होइनन् । यति मात्र नभएर स्थानीय तहमा समेत सहकारी क्षेत्रको विकासको लागि धेरै प्रयत्न भएका छन् । समय सापेक्ष सहकारीहरुको दर्ता,संचालन,सेवा केन्द्र स्थापना,नियमन,अनुगमनमा एकरुपता ल्याउन अझै सकिएको छैन् । वित्तिय सुशासन,स्वनियमन, वित्तिय कारोवारको सुव्यवस्था गर्नकोलागि अझै धेरै काम बाँकी रहेको छ । सहकारीको उर्वर भूमी पनौतीमा सहकारी विकास र प्रवर्द्धनको लागि सहकारी शिक्षालाई सही ढंगले सदस्यहरु सामु पुरयाउन नसकेको तितो यथार्थ हामी सामु छ । यसले सहकारीको मूल मर्म र उद्देश्य नै मर्नसक्ने खतरा विद्यमानता छ । व्याजदरमा एकरुपता नुहँदा सदस्यहरुले मारमा परेको महशुस गर्न सक्ने सम्भावना नकार्न सकिने स्थिति पनि छैन् । प्रायसःसबै सहकारीहरु आफ्नो उद्देश्य अनुरुप सँचालन भएका छैनन् ।विषयगत सहकारीहरुलाई हेर्ने स्पष्ट दृष्टिकोणको अपुरो छ।

**५.सहकारी नीतिको आवश्यकता** :सहकारी प्रति जनताको चासो र विश्वास बढ्दै गएकोछ भने ,संघले समेत सवैधानिक रुपमै राष्टिय विकासको एक मुख्य आधारको रुपमा सहकारीलाई महत्व दिएको छ । झनै पनौतीको सन्दर्भमा त सहकारीहरुको उर्वर भुमी नै भएकोले नगर क्षेत्रका बासिन्दाहरुको जीवनस्तर उठाउन सहकारीहरुको भूमिकालाई नजरअन्दाज गर्न सकिंदैन ।

गरिवी न्यूनिकरण,उत्पादनका क्षेत्रहरुको खोजी र तीनमा सुरक्षित लगानी गर्न,उद्यमशिलताको विकास,सामाजिक उत्तरदायित्वमा सहभागिता जनाउन, कृषि,पर्यटन,व्यापार,दुध,शिक्षा,स्वास्थ्य,संचार र अन्य उद्योगहरुमा सहकारीको सहभागिता गराउन,सहकारीहरुलाई सवल र सक्षम बनाउन ,नगरको आर्थिक,सामाजिक लगायतका विकासमा योगदान पुर्याउन ,सहकारी अभियानलाई आफ्नो उद्देश्यमा पुग्न सहज पार्न,स्थानीय उत्पादनमा वृद्धि गर्न,सहकारी व्यवसायलाई सदस्य र समुदायको सेवाप्रति केन्द्रित गर्न, शुसासन,क्षमता अभिवृद्धि,विधागत सहकारीविच नीति नियममा एकरुपता ल्याउन पर्ने जरुरी देखिंदा सहकारी क्षेत्रको विकासको लागि सहकारी नीति आवश्यकता महशुस गरिएको हो ।

**६. लक्ष्य**

क.सचेत सुसंस्कृत नागरिक समाजको निर्माण गर्ने ।

ख. स्वावलम्बनको विकास गर्ने ।

ग. आपसी सद्भाव र सहकार्यको विकास गर्ने ।

**७. नीतिका उद्देश्यहरु**

१.विधागत सहकारीहरुको संचालन र सेवामा एकरुपता ल्याउने।

२. सर्वसाधारणको सहकारीमा पहुँच पुर्याई उनीहरुको जीवनस्तरमा सुधार ल्याउन सहकारीको भूमिका बढाउने ।

३.सहकारी क्षेत्रलाई स्वच्छ,प्रभावकारी,स्वस्थ्य प्रतिस्पर्धी र गुणस्तरीय सेवा प्रदायक संस्थाको रुपमा विकास गर्ने ।

४.सहकारी क्षेत्रको प्रभावकारी नियमन ,अनुगमन गर्ने ।

५. सहकारीको संख्या निर्धारण गर्ने ।

६. सहकारीकर्मीहरुको सहकारी संचालनका मापदण्डहरु,सहकारी ऐन,नियमावली,नीति र आचार संहिताको पालनामा जिम्मेवार बनाउने ।

७. विषयगत सहकारीको दोहोरो सदस्यता खारेजीको लागि सहकारी ऐन बमोजिम कदम चाल्ने ।

८. सहकारी क्षेत्रको विकास र प्रवर्द्धनको लागि नीतिगत प्रवन्ध गर्ने ।

९. उद्देश्य र कार्यक्षेत्रको विश्लेषणको आधारमा सहकारीहरुलाई एकिकरण गर्न जोड दिने ।

**८. प्राथमिकताका क्षेत्र**

कृषि उत्पादन,आत्मनिर्भर स्वावलम्वी नागरिक निर्माण,विकास निमार्णमा स्थानीय सहकारीको परिचालन ,साझेदारी र सहकार्य प्राथमिकताका क्षेत्रहरु हुनेछन् ।

निर्णय प्रतिलिपि उतार
२०८०।०४।२८
इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

९. नीतिहरु :

**१. शेयर पूँजी सम्बन्धि नीति :**

क) संस्थाले जारी गर्ने कूल शेयरपूँजीको रकम संस्थाको विनियममा अनिवार्य उल्लेख गर्नुपर्नेछ ।

ख) संस्था दर्ता गर्ने आवेदन गर्दा कूल शेयर पूँजीको अनिवार्य उल्लेख भएको हुनुपर्नेछ ।

ग) प्रस्तावित सदस्यहरुले खरीद गरेको शेयर पूँजीको नाम समावेश गरि विवरण तोकिएको ढाँचामा दर्ताको आवेदन साथ पेश गर्नुपर्नेछ ।

घ) संस्था दर्ताको बेला चुक्ता शेयर पूँजीको रकम कुल शेयरको पूँजीको कम्तीमा २० प्रतिशत हुनुपर्नेछ ।

ङ)साधारण सभावाट वहुमतले विनियम संशोधन सहितको निर्णयले मात्र शेयर पूँजी वृद्धि गर्न सकिनेछ । निर्णय प्रतिलिपि उतार

च) एउटा प्रारम्भिक संस्थाले अर्को प्रारम्भिक संस्थाको शेयर खरिद गर्न वा सो संग वचत तथा ऋणको कारोवार गर्न पाउनेछैन् ।

**२. दर्ता संचालन सम्बन्धि नीतिहरु :**

१)संस्था दर्ता गर्ने आधार : कुनै पनि सहकारी संस्था दर्ता गर्नको लागि देहायका आधारहरु हुनु बान्छनिय छ ।

क. बसोवासको आधार :कुनैपनि सहकारी सँस्था दर्ता गर्न चाहाने व्यक्ति पनौती नगरपालिकाको स्थायी बासिन्दा हुनुपर्नेछ ।

ख. पेशा र पेशागत संगठनको आधार : अन्यत्र स्थायी ठेगाना भएतापनि कुनै पनि पेशा गरि बस्नेको हकमा पेशागत सहकारी गठन गर्न पाउने छ ।

ग. संस्थागत आधार :नगरस्तरीय रुपमा स्थापना भई संचालन भएका विषयगत सहकारीहरु न्यूनतम १२ वटा एकआपसमा मिलि विषयगत संघ गठन गर्न सक्नेछन् साथै ५ वटा विषयगत संघ एक आपसमा मिलि नगरस्तरीय सहकारी संघ गठन गर्न सक्नेछन्।

घ. माथि ग. मा उल्लेख भए बमोजम गठन हुने विषयगत संघको संघको मुख्य कार्य साझेदारी व्यवसाय अन्तर्गत उत्पादन,प्रशोधन,बजारीकरण,वित्तीय अभावको परिपूर्ति,नेतृत्व क्षमता विकास,संस्थागत क्षमता विकास,सहजीकरण र समन्वय गर्नु हुनेछ ।

**३. संस्था एकरुपता सम्बन्धि नीतिहरु :**नगर क्षेत्रभित्र रहेका सवै प्रकृतिका सहकारी संस्थाहरुले दृष्यमा एकरुपताको लागि निम्नानुसारको व्यवस्था गर्नुपर्नेछ ।

क.संस्थाको नाम : १.क. कुनैपनि संस्थाको नाम नेपाली शब्दवाट राखिनुपर्नेछ । अन्य भाषिक नाममा कुनैपनि संस्था दर्ता हुने छैन् ।

२.ख. दर्ता भैसकेको नामवाट अर्को सँस्था दर्ता गरिनेछैन् ।

ख.संस्थाको लोगो : १.क.संस्थाको प्रकृति अनुसार लोगोको ढाँचा तयार गर्नुपर्नेछ ।

२. ख. लोगो(पनौती नपाको लोगोको पृष्ठभूमीमा अभियानको साँकेतिक स्वरुप भएको संस्थाको लोगो बन्नेछ ।आफ्नो विशिष्ट पहिचानलाई लोगो भित्र समावेश गर्न पाइनेछ ।

ग. लेटरप्याड,रंग र साइनवोर्ड : १.क.ए ४ साइजमा संस्थाको लेटरप्याड हुनुपर्नेछ । लेटर प्याडमा संस्थाको लोगो,ऐक्यवद्धता लोगो,स्थापना मिति अंकित गरेको हुनुपर्नेछ ।

२.ख.लेटर प्याड सेतो पृष्ठभूमीमा हरियो र रातो रंग हुनुपर्नेछ ।

घ. साइन वोर्ड : १.क. साइनवोर्ड हरियो पृष्ठभूमीमा सेतो रंग प्रयोग गरेको हुनुपर्नेछ ।

२.ख. साइनवोर्डको साइज साइन बोर्ड राख्ने ठाँउको प्रकृति अनुसारको वोर्डको साइज वनाउन सकिनेछ ।
ग .साइनवोर्डमा संस्थाको दर्ता नं,स्थापना मिति आदि अंकित गरेको हुनुपर्नेछ ।

**४. व्यवसाय दर्ता ,सूचिकरण र अद्यावधिक र कार्यक्षेत्र निर्धारण,लेखापरिक्षण सम्बन्धि नीतिहरु :** **निर्णय प्रतिलिपि उता**

क. यस नगरपालिका क्षेत्रभित्र दर्ता भै संचालन भएको कुनैपनि प्रकृतिको संस्थाले नगरपालिकामा अनिवार्य रुपमा व्यवसाय दर्ता गरेको हुनुपर्नेछ । यस वापत लाग्ने दस्तुर नगरपालिकाले तोके बमोजिम हुनेछ ।

ख. कुनैपनि संस्था नगरपालिकाको सहकारी शाखामा सूचिकृत हुनुपर्नेछ ।

ग.संस्थाले प्रत्येक आर्थिक बर्ष भित्र आफ्नो व्यवसायलाई आ.व. समाप्त भएको मितिले ३ महिना भित्र अद्यावधिक गरिसक्नुपर्नेछ ।

घ.नगरपालिका क्षेत्रभित्र केन्द्रिय कार्यालय रहेको तर कार्यक्षेत्र नगरवाहिर समेत भएको संस्थाले नियमित रुपमा आफ्ना प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको ३ महिनाभित्र अनिवार्य रुपमा नगरपालिकामा पेश गर्नुपर्नेछ ।

ङ) कार्यक्षेत्र वाहिर केन्द्रिय कार्यालय भएतापनि नगरको कुनै वडामा सेवा केन्द्र संचालन गर्न परेमा त्यस्ता संस्थाले नगरपालिकावाट स्विकृत लिनु पर्नेछ । यसरी स्विकृत लिंदा लाग्ने दस्तुर नगरपालिकाले तोके बमोजिम हुनेछ ।

च.१. संस्थाको साधारण सभाले लेखापरिक्षक र निजको पारिश्रमिक निर्धारण गर्नुपर्नेछ ।

२.नगरपालिकाले अन्तिम लेखापरिक्षणको लागि रजिष्टर्ड लेखापरीक्षकलाई सुचीकृत हुन सार्वजनिक सूचना गर्नेछ ।

३. सूचीकृत प्रचलित कानूनले योग्य ठहर्‍याएको लेखापरीक्षकमध्येका लेखापरिक्षकवाट लेखापरिक्षण गराउनुपर्नेछ ।

४.संस्थाको साधारण सभाले निर्णय नगरेको अवस्थामा समेत सूचीकृत लेखापरीक्षकवाट लेखापरिक्षण गराउनु परेमा नगरपालिका सहकारी शाखाको सहमति लिनुपर्नेछ ।

५.. नेपाल सरकारबाट अनुमति प्राप्त रजिष्टर्ड लेखापरिक्षकहरु मध्येवाट कुनै संस्थाको साधारण सभाले लेखापरीक्षक नियुक्तिको लागि किटानी निर्णय गरेमा सो को जानकारी गराई लेखापरिक्षण गराउन वाधा पर्नेछैन ।

**५.सदस्यता सम्बन्धि नीति** :क. कुनैपनि ब्यक्तिले एउटै प्रकृतिको संस्थाको सदस्यता एक भन्दा बढी संस्थामा लिन पाउने छैन।

ख.संस्थाको सदस्यता दिइसकेपछि सहकारी शिक्षा सम्बन्धमा आफ्ना सदस्यलाई अनिवार्य रुपमा अभिमुखीकरण गर्नुपर्नेछ ।

ग.संस्थाले गरीब,महिला,अपाँग,सीमान्तकृत,भूमिहिन ,पिछडिएका बर्गका सदस्यहरुको जीवनस्तरमा सुधार ल्याउने गतिविधिहरु तत्परताका साथ संचालन गर्नुपर्नेछ ।

घ.सहकारीले आफ्ना सदस्यहरुलाई अनिवार्य रुपमा स्वास्थ्य बीमा गर्न सहजीकरण र अगुवाई गर्नुपर्नेछ ।

ङ. कुनैपनि ब्यक्तिको स्थायी ठेगाना जहाँ भएपनि कार्यरत संस्था रहेको कार्यक्षेत्रमा रहेको जुनसुकै एक विषयगत सहकारीको सदस्य बन्न वाधा पर्नेछैन् ।

**६.शुल्क,छुट र सुविधा सम्बन्धि नीति** :

सहकारी संस्थाको एकरुपता : वासलात वर्गिकरणका आधारमा

क. १ करोडसम्मको लागि १ हजार

ख. १करोड १ देखि ५ करोड सम्म २ हजार

ग. ५ करोड १ देखि १० सम्म ३ हजार

घ) १०करोड १ देखि २५ करोडसम्म ४ हजार

ङ. २५करोड १ देखि माथि ५ हजार वार्षिक

च.सेवाकेन्द्र संचालन भएका संस्थालाई बार्षिक ५ हजार

छ. विशुद्ध समुदायमा आधारित महिला,अपांग,कृषि,दुग्ध सहकारीलाई बार्षिक अद्यावधिक शुल्कमा ५० प्रतिशत छुट दिइने तर त्यस्तो छुट पाउन न्यूनतम १०० जना सदस्य हुनु बान्छनिय हुनेछ ।

**७.संचालक र लेखा समितिको गठन सम्बन्धि नीति** :

क) एकासगोलवाट एक भन्दा वढी व्यक्ति एकै संस्थाको संचालक वा लेखा समितिको कुनै पदको निर्वाचनमा उम्मेदवार हुन पाउने छैन् ।

ख) कुनैपनि संस्थाले सचिवालय गठन गर्न पाउने छैन् । तर पदाधिकारीको संरचना बनाउन यसले बाधा पुर्‍याएको मानिने छैन् ।

ग) कुनैपनि संस्थाको संचालक कार्यकारी पदमा रहन पाउने छैन् ।

घ.कुनैपनि संस्थाको संचालकको एकासगोलको परिवारको सदस्य उक्त संस्थाको प्रमुख कर्मचारी हुन पाउने छैन् ।

ङ. कुनैपनि राजनीतिक दलको कुनै तहको पदाधिकारी कुनैपनि सहकारी संस्थामा पदाधिकारीको उम्मेदवार बन्न पाउने छैन् ।

निर्णय प्रतिलिपि उतार
इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

च) कुनैपनि तहको जनप्रतिनिधि,राज्यकोषबाट तलब खाने कर्मचारी,शिक्षक कुनैपनि संस्थाको संचालक हुन पाउने छैनन् ।

छ) संस्थावाट लिएको ऋणको भाखा नाघेको ऋण र तिर्न बुझाउन पर्ने अन्य रकम नवुझाएसम्म र कुनैपनि वित्तिय संस्थावाट कर्जा लिई कालो सूचीमा परेका व्यक्ति संचालक वा लेखा समितिको कुनै पदमा उम्मेदवार हुन पाउने छैन ।
ज)संचालक समितिका कुनैपनि पदाधिकारीले आफुले लिने ऋण आफैं स्विकृत गर्न पाउनेछैन् ।

झ) संचालक समिति वा लेखा समितिको पदमा उम्मेदवार हुँदा सदस्यले आफ्नो नाम कालो सुचीमा नपरेको,एकाघर परिवारका अन्य व्यक्तिले मनोनयन पत्र दाखिला नगरेको र आफु सोही प्रकृतिको अन्य संस्थाको संचालक वा लेखा समितिको पदाधिकारी नरहेको भनि मनोनयन पत्रमा उल्लेख गर्नुपर्नेछ ।

**८.वचत संकलन ,ऋण लगानी ,व्याजदर सम्बन्धि नीतिः**

क. कुनैपनि संस्थाको सदस्यले अनिवार्य रुपमा संस्थाले तोकेको न्यूनतम बचत नियमित रुपमा गर्नुपर्नेछ ।

ख.. संस्थाले कर्जा र निक्षेपको व्याजदर निर्धारण गर्दा विभेदकारी ब्यवस्था र व्यवहार गर्न पाउनेछैन् । लिनेदिने व्याजदरमा विभेद गरेको पाइएमा त्यस्तो विभेदवाट संस्थालाई हानी पुगेमा उक्त पुगेको रकम संचालकहरुबाट असुल उपर गर्नुपर्नेछ ।

निर्णय प्रतिलिपि उतार

ग. निक्षेप र कर्जाको ब्याजदर अनिवार्य रुपमा संचालक समितिवाट निर्णय गराइ लागू गर्नुपर्नेछ ।

घ. कर्जामा समदर तथा चक्रवृद्धि व्याज लगाउन पाइनेछैन ।

ङ..नगरक्षेत्रभित्रका संस्थाहरुले व्याजदर निर्धारण गर्दा सन्दर्भ व्याजदरलाई आधार मानि संचालक समितिले निर्णय गर्नुपर्नेछ ।

च.विभिन्न किसिमका वचतमा दिइने ब्याजदर संस्थाको साधारण सभाले स्वीकृत गरेको वचत नीति अनुरुप हुनुपर्नेछ ।

छ.संस्थाले निर्धारण गरेको ब्याजदरको विवरण समयमै सम्बन्धित कार्यालयमा जानकारी गराउनुपर्नेछ ।

ज. संस्थाले परिवर्तन गरेको ब्याजदर जानकारीको लागि सार्वजनिक सूचना जारी गर्नुपर्नेछ ।

झ. संस्थाको ऋण नीतिमा ऋण लगानीका उद्देश्य अनुरुपका ऋणका प्रकार खुलाउनु पर्नेछ ।

ञ. संस्थाले आफ्ना प्रत्येक सदस्यलाई कुल पूँजीकोषको १० प्रतिशत नवढाई ऋण लगानी गर्नुपर्नेछ ।

ट. एक पटक कुनै सदस्यले लिएको साँवा वा व्याज भुक्तानी नगरेसम्म निजलाई पुनः रकम लगानी गर्न पाइनेछैन् । तर ऋण लिंदा पर्याप्त सुरक्षण राखेको अवस्थामा निजको साँवा,व्याजको किस्ताको नियमितता,उद्देश्य अनुरुपको लगानी आदिका आधारमा निजलाई पुनःथप लगानी गर्न सकिनेछ ।

ठ. संस्थाको संचालक समिति,लेखा समिति, ऋण उपसमिति तथा व्यवस्थापकले लिएको ऋणको विवरण नगर सहकारी शाखामा पेश गर्नुपर्नेछ ।

ड.कुनैपनि संस्थाका संचालकहरुलाई ऋण लगानी गर्दा संचालक संख्याको ४९ प्रतिशत भन्दा बढीले ऋण लिन पाउने छैनन् ।

ढ.संस्थामा कार्यरत कर्मचारीलाई व्यावसायिक ऋण प्रवाह गर्न पाइने छैन् तर कर्मचारीले कर्मचारी सापटी लिन यस व्यवस्थाले बाधा पार्ने छैन् ।

ण. सदस्यलाई आवश्यक कागजातहरु पुर्याएपछि ऋण प्रवाहमा ढिलासुस्ती गर्न पाइनेछैन् ।

**९. अनुगमन नियमन सम्बन्धि नीति** : क. नगरले संस्थाहरुको नियमित र आवश्यकता अनुरुप नियमन अनुगमन गर्नुपर्नेछ ।

ख. संस्थाको छाता संघ, विषयगत संघ आदिले आवश्यकता अनुसार संस्थाको अनुगमन गर्नेछन् ।

**१०. आवद्धता र प्रतिवेदन** :क.संस्थाले आफ्ना विषयगत संघहरुमा अनिवार्य आवद्ध हुनुपर्नेछ ।

ख.संस्थाले आफ्नो नियमित प्रतिवेदनहरु नगरपालिका तथा विषयगत संघहरुमा बुझाउनुपर्नेछ ।

**११.साधारण सभा संचालन सम्बन्धि नीति** : क.साधारण सभाको सूचना कम्तिमा १५ दिन अगावै सदस्यहरुलाई पत्राचार गरि दिनुपर्ने,संस्थाको सूचना पार्टीमा टाँस गर्नुपर्ने र स्थानीय रेडियो तथा पत्रपत्रिकामा दिनुपर्नेछ ।

ख. कुनैपनि संस्थाको साधारण सभा सम्पन्नको बैधताको लागि संस्थाका बहुमत सदस्य उपस्थित भएको हुनपर्नेछ ।

ग.साधारण सभा हुने,मिति,स्थान,समय सहित साधारण सभाको एजेण्डा र आर्थिक तथा प्रगति प्रतिवेदन सहित सदस्यलाई पत्राचार गर्नुपर्नेछ ।

घ. विशेष परिस्थिति वाहेक पुष मसान्तसम्म साधारण सभा सम्पन्न गर्नुपर्नेछ ।

निर्णय प्रतिलिपि उतार
इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

**१२. विधागत सहकारी संस्था सम्बन्धि थप नीतिहरु** :

देहायका प्रकृतिका संस्थाहरुमा देहाय बमोजिम कार्यक्षेत्र,सदस्य सँख्या र सेवा केन्द्र हुनु बान्छनिय हुनेछ :

| संस्थाको प्रकृति | कार्यक्षेत्र | सदस्य संख्या(न्यूनतम) | सेवा केन्द्र |
|---|---|---|---|
| बचत तथा ऋण | एउटा वडा | न्यूनतम १००० जना | अर्को वडामा एक चौथाई सदस्य हुनुपर्ने |
| बहुउद्देश्यीय | एउटा वडा | ५०० जना | |
| महिला | एउटा क्षेत्र | १०० जना | |
| तरकारी,फलफुल | एउटा क्षेत्र | ५०० जना | |
| कृषि | एउटा वस्ती | १०० जना | |
| दुग्ध | एउटा वस्ती | १०० जना | |

**१३. विनियम शंसोधन** : कुनैपनि संस्थाको प्रारम्भीक सभावाट विनियम शंसोधन गर्न पाइने छैन ।

**१४. सहकारी एकिकरण प्रोत्साहन नीति** :

बर्षमा एक भन्दा वढी संस्था एकिकृत गर्न सफल भएका संस्थालाई देहाय अनुरुप प्रोत्साहन वापत गरिनेछ ।

क. १ वटा सहकारी संस्था एकिकृत भएमा रु.१० हजार बरावरको कार्यक्रम सहयोग प्रदान गरिनेछ ।

ख. २ वटा सहकारी संस्था एकिकृत भएमा रु. २५ हजार बरावरको कार्यक्रम सहयोग प्रदान गरिनेछ ।

ग. ३ वटा सहकारी संस्था एकिकृत भएमा रु. ५० हजार बरावरको कार्यक्रम सहयोग प्रदान गरिनेछ ।

घ.४ वटा सहकारी संस्था एकिकृत भएमा रु.७५ हजार बरावरको कार्यक्रम सहयोग प्रदान गरिनेछ ।

ङ . ५ वटा वा सो भन्दा वढी सहकारी संस्था एकिकृत भएमा रु. १ लाख वरावरको कार्यक्रम सहयोग प्रदान गरिनेछ ।

**१५. क्षेत्रगत नीतिहरु :**

१) माथि अन्यत्र उल्लेख भएको नीतिगत व्यवस्था वाहेक पनि स्वैच्छिक रुपमा सहमति लिई सहकारीहरु एक आपसमा एकिकृत हुन सक्नेछन् ।

२).एउटा संस्थाको कार्यक्षेत्रमा एकै प्रकृतिको अर्को संस्थालाई कार्यक्षेत्र कायम गरिने छैन् ।

३) साविकमा दर्ता भै समुदायस्तरवाट सहकारी शुसासन कायम गरि संचालन भै रहेका संस्था बाहेक प्रत्येक वडा वा टोल बस्तीमा उल्लेख भए देखि बाहेक एकै प्रकृतिको एक भन्दा बढी संस्था दर्ता गरिने छैन् ।

४) कुनैपनि संस्था माथि उल्लेखित न्यूनतम सदस्य सँख्या भन्दा कम सदस्य भएमा एकिकरण अभियानमा जानुपर्नेछ ।

५) कुनैपनि संस्था विभाजन हुने परिस्थिति सृजना भएमा ५ हजार भन्दा माथि सदस्य सँख्या भएको मात्र विभाजन हुन सक्नेछ ।

६) कुनैपनि संस्थाको सदस्य संख्या १०० भन्दा कम भएमा खारेजीमा पर्नेछ ।

७). लगातार दुई बर्षसम्म बार्षिक साधारण सभा,अन्तिम लेखा परिक्षण,आवधिक निर्वाचन आदि समावेश भएको प्रतिवेदन नवुझाउने संस्थालाई खारेज गर्न सकिनेछ ।

निर्णय प्रतिलिपि उतार

८) दुग्ध सहकारी संस्थाको हकमा दुग्ध संकलन केन्द्र हुनुपर्नेछ ।

९). दुग्ध सहकारीको अध्यक्ष र डेरी व्यवस्थापक एउटै ब्यक्ति हुन पाइनेछैन ।

१०) कृषि सहकारीले बर्षमा कम्तीमा २ रोपनी जग्गा भाडा वा लिजमा वा स्वामित्वमा लिई कृषि फर्म सँचालन गर्नुपर्नेछ ।

११) कुनैपनि कृषि सहकारीले आफ्ना सदस्यहरुलाई सुपथ मुल्यमा मल,विउ,विजन,औजार ,उपकरण आदि उपलब्ध गराउनु पर्नेछ । सदस्यहरुले तिनीहरुको प्रयोग गर्न बान्छनिय हुनेछ ।

१२) .कृषि सहकारीले सामुहिक खेती,कृषि औजार,विउविजन,मल जस्ता बस्तुमा कम्तिमा १० लाख रुपैंया बरावरको बार्षिक कारोवार गरेको हुनुपर्नेछ ।

१३) बहुउद्देश्यीय सहकारीलेएउटा उद्देश्य मात्रको कारोवार गर्न पाउने छैन । ३० प्रतिशत भन्दा माथि एउटै उद्देश्यमा काम गरेमाउक्त संस्था एकल उद्देश्यमा रुपान्तरण हुनेछ ।

१४) महिला सहकारीको हकमा महिलाको क्षमता विकास,नेतृत्व बिकास जस्ता कार्यक्रमहरुमा भाग लिने गरिएको हुनुपर्नेछ ।

१५) महिला सहकारीले आफ्ना सदस्यहरुको क्षमता विकास,सामाजिक चेतना र जागरण पैदा गर्ने कार्यक्रमहरु वर्षको कम्तिमा ५ वटा अनिवार्य गरेको हुनुपर्नेछ ।

१६) वचत समेत संकलन हुने महिला सहकारीको हकमा नियमित वचत भएको हुनुपर्नेछ ।

१७) सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत महिला सहकारीले घरेलु हिंसा विरोधी गतिविधि र अभियानमा सहभागी हुनुका साथै न्याय मैत्री,समतामूलक समाजको निर्माणमा अग्रसर हुनुपर्नेछ ।

१८) फलफुल तथा तरकारी सहकारीमा आबद्ध सदस्यले आफुसँग उपलब्ध भएको जग्गामा नियमित तरकारी खेती गर्ने वा वार्षिक कम्तीमा ५०० के.जी. तरकारी विक्रि गर्नुपर्नेछ ।

१९) कुनैपनि फलफुल तथा तरकारी सहकारी संस्थाले वार्षिक रुपमा कम्तीमा ५००० के.जी.तरकारी कारोवार गरेको हुनुपर्नेछ।

२०).. दुग्ध सहकारीले कम्तीमा वार्षिक ९० हजार लिटर दुध संकलन गर्नुपर्नेछ ।दुग्ध संकलकहरुविच वार्षिक साधारण सभा ,लेखा परिक्षण तथा आवधिक निर्वाचन जस्ता कार्यहरु गर्नुपर्नेछ । १ हजार लिटर दुग्ध पदार्थ लगातार २ वर्ष विक्री नगरे सदस्यको बैधता कायम गर्न पूर्नविचार गरिनेछ ।

**२१) साझेदारी कार्यक्रम /सहकार्य** : स्थानीय सहकारी संस्थाहरुलाई उत्पादन,विवरण,चेतना जागरण र विकास निर्माण जस्ता क्षेत्रमा नगरपालिका लगायत विभिन्न संघसंस्थासँग साझेदारी/ सहकार्य गर्ने वातावरण बनाइनेछ । यसकालागि नगरपालिका र सहकारी संस्थाहरुको सहभागीतामा साझेदारी प्रवर्द्धन कोष बनाउन सकिनेछ ।

२०७७।०५।२९ को निर्णय नं. ०५ संग सम्बन्धित।

## फरफारकका भएका योजना विवरण

| क्र.सं. | आ.व. | योजनाको नाम तथा संचालन हुने स्थान | वडा नं. | बिनियोजित रकम | संम्झौता रकम | मूल्याङ्कन | सम्झौता गर्ने व्यक्ति । संस्था | फरफारक भएको मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०७६/०७७ | ख्याकुचोक देखि रोशी ढाँडपुल हुँदै वडा कार्यालय मोटरबाटो ११ | ११ | ५००,०००।०० | ६०५३८२।०२ | ६१४६६६।४२ | भरत बहादुर थापा | |
| २ | ०७६/०७७ | सुब्बागाउँ स्वास्थ्य चौकी बाँकी मर्मत ( मिति ०७६।५।१८ को निर्णय). | ५ | ४००,०००।०० | ५०२०२७।८१ | ५१५७६६।३४ | राम चन्द्र रंजित | ०७७।३।२२ |
| ३ | ०७६/०७७ | फड्केश्वर नेवारघाट निर्माण (प्रदेश बजेट) | १० | १,०००,०००।०० | १२०५४३४ | १,२११,९०४।२७ | चतुरमान शाक्य | |
| ४ | ०७६/०७७ | सिमाको चौर खेलकुद मैदान निर्माण (३) | ३ | १,०००,०००।०० | १,२०१,९११।०० | १२१३९५३।१२ | दिनेश न्यौपाने | |
| ५ | ०७६/०७७ | भण्डारी गाउँ लिफ्ट खानेपानी योजना ( संघीय बजेट) | ९ | १,०००,०००।०० | १,२०८,६६६।०६ | १२८८०८२।५५ | राजेन्द्र थापा | |
| ६ | ०७६/०७७ | गागल खानेपानी योजना (१२) | १२ | १,०००,०००।०० | १,२०७,५७३।१७ | ११५१५७६।८६ | दिपक तामाङ | ०७७।३।२४ |
| ७ | ०७६/०७७ | चामखर मोटरबाटो स्तरोन्नती कार्य(४) | ४ | २,०००,०००।०० | २,४०६,२०८।३८ | २४२४६६३।७९ | सुरेन्द्र तामाङ | |
| ८ | ०७६/०७७ | वडा न. १० खोंपासी खानेपानी योजना | १० | २,९३३,३३३।३३ | ३५०७१०५।।६५ | ३५३१७२२।९१ | उत्तम उलक | |
| ९ | ०७६/०७७ | पुछारी गुर्दुमडाँडा फुल्चोकी सडक निर्माण, (सशर्त अनुदान) | ३ | ३,०००,०००।०० | ३६१९४९५।७४ | ३७३५३०५ | चन्द्र बहादुर तामाङ | |
| १० | ०७६/०७७ | महाँकाल गणेश मन्दिर अधुरो निर्माण. कार्य ८ | ८ | ५००,०००।०० | ६००,१०८।९७ | ६१७९६१।२४ | लक्ष्मी प्रसाद श्रेष्ठ | |
| ११ | ०७६/०७७ | वडा नं. ६ शहरी स्वास्थ्य केन्द्र भबनको बाँकी निर्माण कार्य (मिति ०७६।८।८ को स्वास्थ्य मन्त्रालयको पत्रबाट) | ६ | ३,८८६,९२०।०० | ३९६५५२०।८२ | १९७६५३६।७४ | भिम प्रसाद सापकोटा | |
| १२ | ०७६/०७७ | आधारभूत स्वास्थ्य केन्द्र भबन निर्माण पनौती न.पा. २ (मिति ०७६।८।८ को स्वास्थ्य मन्त्रालयको पत्रबाट) | २ | ३,८८६,९२०।०० | ३९९९७८०।१७ | २१२३२६०।०० | बिश्वराम थापा | ०७७।३।२६ |
| १३ | ०७६/०७७ | भिमसनेस्थानदेखि चिरञ्जिवी कुंवरको घर सम्म बाटो स्तरोन्नती ५ | ५ | ५००,०००।०० | ६०३,००७।८५ | ६२७६६४।५३ | श्री कमल थापा | |
| १४ | ०७६/०७७ | सुब्बागाउँ बजार मुख्य सडकदेखि भिमसेनस्थान सडक ५ | ५ | १,०००,०००।०० | १२०१५९७।५६ | १३३८८९२।२१ | श्री राम कुमार श्रेष्ठ | |
| १५ | ०७६/०७७ | रयाले स्वास्थ्य चौकी घेराबार निर्माण ( मिति ०७६।५।१८ को निर्णय) | १ | ४००,०००।०० | ४८०६८८।७३ | ४४०१६२।४७ | ऋत कुमार सापकोटा | |
| १६ | ०७६/०७७ | रुप्सेटार पनौती वडा नं ४ जोडने मोटरबाटो ३ | ३ | ५००,०००।०० | ६०६,२३०।०० | ६७२३२३।१२ | भिम बहादुर थापा | |
| १७ | ०७६/०७७ | मोठ डोल क्षेत्रमा बाल उद्यान निर्माण ( मिति २०७६।७।२५ को निर्णय अनुसार बाल उद्यान निर्माण शिर्षकबाट) | ३ | २,५००,०००।०० | ३०००६६५।९९ | ३६८१०१५।४३ | सागर भुजेल | |
| १८ | ०७६/०७७ | कुशादेवी चापाबोट थालथापे मोही खोरिया मोटरबाटो स्तरोन्नती २ ( कुशादेबी दलित बस्ती सिम मोटरबाटो ०७६।६।९मा संशाधित) | २ | ५००,०००।०० | ६०४,५९४।१० | ६९०७१२।५७ | ईश्वर बि.क. | ०७७।३।२८ |
| १९ | ०७५/०७६ | बजार लाईन ढल मर्मत तथा सुधार | ७ | १,०००,०००।०० | १२०३६६१।०० | १२१३५५९।०१ | सन्त बहादुर पोडे | |
| २० | ०७६/०७७ | ओमडाँडा देविस्थान पर्यटकीय सडक स्तरोन्नती कार्य ९ | ९ | ५,०००,०००।०० | ६,००५,५०२।७३ | ५९९८९७०।०० | प्रदिप भण्डारी | |
| २१ | ०७६/०७७ | साविक २ बाटो सहित किरियापाटी निर्माण ८ | ८ | ५००,०००।०० | ६००७६७।४६ | ६१२७५२।७१ | बद्रि बहादुर थापा | |
| २२ | ०७६/०७७ | चाम्ले बजार घिमिरे भंगेरी भैंसेपाटी सडक (प्रदेश अनुदानबाट बचत रकम) | ३ | १,६७३,५००।०० | २००११०४।८६ | २०५८५७८।१३ | भिमसेन घिमिरे | |
| २३ | ०७६/०७७ | सिमलचौर पाँचकन्ये सडक,(संघीय बाँकी बजेट) | १ | १,४५४,०००।०० | १७७५७७३।७५ | १८७८०६८।२५ | लोकनाथ सापकोटा | |

निर्णय प्रतिलिपि उता...

इन्द्रप्रसाद अधिकारी

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २४ | ०७६/०७७ | वडा नं. ७ पनौती स्वास्थ्य चौकी वर्थिंग सेन्टर निर्माण | ७ | २,५००,०००।०० | २५००८३०।६२ | २०९६४२९।८२ | रामशंकर कर्माचार्य | |
| २५ | ०७६/०७७ | ज्वालामुखि आधारभुत बिद्यालय भबन निर्माण (जि.स.स.१६०००००।-र नपा १०६६६६६।६७) | ८ | ५,८७७,८८४।१८ | ५,८७७,८८४।१८ | ५८७८७५०।१५ | उपेन्द्र हुमागाई | |
| २६ | ०७६/०७७ | सल्ले तामांगबस्ती देविस्थान मोड सडक | ४ | ३,०००,०००।०० | ३,६००,९६५।६४ | ३६०३७१९।९६ | जीत बहादुर तामाङ | |
| २७ | ०७६/०७७ | चाम्ले विर्तागाउँ जरिंगे नयाँगाउँ फुल्चोकी सडक (प्रदेश सशर्त अनुदान) | २ | ३,०००,०००।०० | ३,६०९,४८६।६३ | ३६३६१६२।६३ | कृष्ण प्रसाद तिमल्सिन | ०७७।३।२९ |
| २८ | ०७६/०७७ | बाँफोखेत पर्लाखे भन्ज्यांग मोटरबाटो १ | १ | ५००,०००।०० | ६०७,३५१।७६ | ६११२०५।४३ | लोक प्रसाद सापकोटा | |
| २९ | ०७६/०७७ | शान्तिमार्ग पिपलबोट कालीमाटी खोल्सा सडक स्तरोन्नती कार्य ८ | ८ | ५००,०००।०० | ६००४२७।६७ | ६००९१५।७४ | सन्तोष कुमार राउत | |
| ३० | ०७६/०७७ | पर्खाल चौर सिलिंगे भन्ज्यांग चिसापनी मोटरबाटो स्तरौन्नती कार्य १ | १ | २,०००,०००।०० | २,४०७,५५६।९४ | २४१५६०१।७९ | अर्जुनभुजेल | |
| ३१ | ०७६/०७७ | त्रिवेणीघाट मानेश्वरी खोला किनार गोरेटो बाटो निर्माण (७) | ७ | १,५००,०००।०० | १,८०४,१७५।५६ | १,८०७,३७५।४८ | सुनिल श्रेष्ठ | |
| ३२ | ०७६/०७७ | गणेशस्थान देविस्थान वि.पि.राजमार्ग सडक स्तारोन्नती ६ | ६ | ५,०००,०००।०० | ६,००४,६२३।४४ | ६०७५३२९।२ | सुरेश कुमार खड्क | ०७७।४।५ |
| ३३ | ०७६/०७७ | लडकेश्वर मन्दिर क्षेत्र सुधार कार्य (११) | ११ | ५००,०००।०० | ६०२,६१३।५० | ६०४१९२।०७ | राजेन्द्र कुमार ताम | |
| ३४ | ०७६/०७७ | शहिदपार्क निर्माण | ८ | ३,०००,०००।०० | ३,६००,३५२।३१ | ३६०८७८९।४ | सन्तोष के.सी. | |
| ३५ | ०७६/०७७ | लड्केश्वर लड्कुखोला दोभान घाटेपाटी चिहान डाँडा र लड्कु खोलामा पिकनिक स्पोट ११ | ११ | ५००,०००।०० | ६०२८७९।३१ | ५९१५०८।०० | अमृत तामाङ | ०७७।४।२८ |
| ३६ | ०७६/०७७ | बुद्ध बिहार पनौती ९ | ९ | १,०००,०००।०० | १२०७४९९।७८ | ११८३१२२।२९ | अष्टकाजी बुद्धाचा | |
| ३७ | ०७६/०७७ | थुम्की पोखरीडाँडा डाँडागाउँ ट्र्याक तथा ड्रेन निर्माण ११ | ११ | ५००,०००।०० | ६०५०६७।९ | ६०५१४१।२१ | भक्त बहादुर लामा | |
| ३८ | ०७६/०७७ | न.पा.चोक संखेल मोटरबाटो (४) | ४ | ५,०००,०००।०० | ३,५०९,०५५।६७ | ३४६४२०८।८४ | गुच्चीकाली कन्स्ट्र | ०७७।५।१५ |
| ३९ | ०७६/०७७ | नर्सरी नैकिन्टार हाईल्याण्ड सडक स्तरोन्नती कार्य ५ | ५ | ५,०००,०००।०० | ४,८१७,५४३।१३ | ४७४४५०४।४५ | एभरेष्ट कन्स्ट्रक्स | |
| ४० | ०७६/०७७ | शिकारीगाउँ सडक स्तरोन्नती कार्य ९ | ९ | ५००,०००।०० | ६०३८५०।६१ | ६०१२८३।३७ | शिब बहादुर महत | |
| ४१ | ०७६/०७७ | किटिनी पस्थली सिंगेपाटी सडक स्तरोन्नती कार्य १० | १० | ५,०००,०००।०० | ६,००४,२७६।७५ | ५९८१५२२।६६ | जगन्नाथ गिरी | |
| ४२ | ०७६/०७७ | नाँके डाँडा अधुरो सिँढी पार्क एवं रेलिंग निर्माण कार्य १० | १० | ५००,०००।०० | ६०१५५३।५८ | ६२०९५६।२० | केशब पहरी | ०७७।५।१८ |
| ४३ | ०७६/०७७ | सेतीदेवी पिकनिक स्पोट निर्माण कपालकोट (७) | ७ | ३,०००,०००।०० | ३,६०१,७०७।३४ | ३८०२८००।२७ | केदार बस्नेत | |
| ४४ | ०७५/०७६ | बृहत खानेपानी योजना (क्र. स. ४, २२ र २३ समेत) | १२ | ४,५००,०००।०० | ५,४००,०४५।०० | ४९०१२१७।३५ | युधिस्थिर के.सी. | ०७७।५।४ |

निर्णय प्रतिलिपि

परौती नगरकार्यपालिका बैठकको
मिति २०७७।०५।२५ को निर्णय
नं. ०१ सँग सम्बन्धित

यस आर्थिक बर्षमा निरन्तरता दिनु पर्ने गत बर्षको मर्मत संभारको लागि स्वीकृत योजनाहरुको विवरण

| सि.नं. | क्षति भएको संरचनाको विवरण | वडा नं. | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | बाँसडोल सिमाना खोला पुल | ४ | २ लाख | |
| २ | ल्याखलुङ्ग सिंचाई | ४ | २ लाख | |
| ३ | कुँवर टोल सडक | ४ | ३ लाख | |
| ४ | खड्याङ्ग खुडुड सिंचाई | ४ | १ लाख | |
| ५ | वि.पी. मार्ग KUPS पछाडिको ह्यूम पाइप | ५ | ५ लाख | |
| ६ | ठाडोबाटो ह्यूम पाइप खरीद तथा जडान कार्य | ४ | ३८ हजार | |
| ७ | त्रिवेणीघाट मुनिको ढल | ७ | २ लाख | |
| ८ | लिलावती सिंचाई कुलो ३०० मिटर | ८ | ५.५ लाख | |
| ९ | लिलावती सिंचाई २० मिटर पूर्ण क्षति | ८ | | |
| १० | फलामेसाँघु पक्की पुल | १० | १० लाख | |
| ११ | जिल्पुडोल ढल लाइन | १० | २ लाख | |
| १२ | टोड्के जाने बाटो पहिरो(अन्दाजी २५ मिटर गत आ.व.) | ११ | २ लाख | |
| कूल जम्मा | | | ३४ लाख ८८ हजार | |

प्रतिलिपि उतार
इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

पर्सौनी नगरकार्यपालिका बैठकको
मिति २०७८।०५।२४को निर्णय नं.०५
संग सम्बन्धित।

पर्सौनी नगरपालिका

## भारवाहक साधन जोखतौलको प्रक्रियात्मक आधार :

नागरिक सुरक्षा तथा सार्वजनिक सडकको उपयोग र सम्रक्षण,दुवानीका साधनका क्षमताको उपयोग बस्तुको प्रमाणिकताका लागि भारवाहक साधनको भार सहित तौल गर्न आवश्यक भएकोले यस नगर क्षेत्र बाट बाहिर जाने आउने विभिन्न प्रकारका मालबस्तु सहितको साधनलाई जोखतौल सेवा व्यवसायका रुपमा यो जोखतौल (धर्मकाँटा) सम्बन्धि मापदण्ड २०७७ तर्जुमा गरिएको छ ।

१.अनुमति लिनुपर्ने :

क.यसप्रकारका व्यसाय संचालन गर्न चाहनेले नगरपालिकामा निवेदन दिनुपर्ने छ ।
ख.गुणस्तर तथा नापतौल विभागबाट जोखतौल गर्न पाउने गरि इजाजत पत्र प्राप्त गरेको कागजात पेश गरे पश्चात रितपुर्वक संचालन अनुमति प्राप्त भएको मानिने छ ।

२.नवीकरण गर्नुपर्ने :

प्रत्येक बर्ष व्यवसाय,उद्योग र नापतौलको कानुन बमोजिम गराउनु पर्नेमा निकायमा तोकिएको अवधि भित्रै नवीकरण गराउनु पर्ने छ ।

३.जोखतौल बापतको सेवा शुल्क :

जोखतौल बापतको सेवा शुल्कको दर वैज्ञानिक रुपमा सरल बनाउनु पर्ने छ ।
नियमानुसार तोकिएको शुल्कमा १० % (प्रतिशत) नगरपालिकामा उपलब्ध गराउनुपर्ने छ ।

४.अनुगमन, नियमन :

गुणस्तर तथा नापतौल विभाग ,नगरपालिका लगायत सम्बन्धित निकायबाट अनुगमन हुनेछ ।

५.लगतको व्यवस्थापन :

आफ्नो कारोबारको दैनिक दुरुस्त रेकर्ड राख्नुपर्ने छ ।

६.मेसिन उपकरण :

निर्णय प्रतिलिपि उतार
प्रमुख प्रशासकीय अधिकृत

गुणस्तर तथा नापतौल विभागबाट गुणस्तर चेकजांच भएको प्रामाणित मेसिनको उपयोग गर्नुपर्ने छ ।

७.अन्य पूर्वाधार :

कम्तिमा १ रोपनी क्षेत्रफल(अपलोडका लागि पर्याप्त स्थान ) र जोखतौल हाता भित्र क्यान्टिन,शौचालय,वाशिंगको प्रवन्ध, अन्य फायर, सवारी साधनको पार्किंगका लागि आवश्यक स्थान ,सिज फायर (फायर एक्सटिनगुइसर आदि) ।

८.भौगोलिक क्षेत्र :

पनौती,बनेपा सडकखण्डको मुख्य सडकबाट प्रचलित सडक मापदण्ड छोडी तथा सो बाहेकका क्षेत्रहरुमा ।

९.प्रतिवेदन पेश गर्ने :

जोखतौल निर्धारण दररेट बारे समय समयमा नगरपालिकालाई जानकारी गराउनुपर्ने छ ।

निर्णय प्रतिलिपि उतार

१०.विवरण दाखिला :

प्रत्यक महिना समाप्त भएको १५ दिन भित्र सेवा शुल्क बापतको बुझाउनुपर्ने रकम नगरपालिकाको राजश्व शाखामा बुझाउनुपर्ने छ ।

११.संलग्न गर्नुपर्ने कागजात :

जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपि, तिरो तिरेको चालु आ.व.को रसिदको प्रतिलिपी,उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि,जग्गा भाडामा लिएको हकमा आपसी सम्झौताको कागजात,स्थायी लेखा नम्बर(प्यान) दर्ताको प्रमाणपत्रको प्रतिलिपि, संचालक (प्रोपाईटर)को ने.ना.प्र.को प्रतिलिपि आदि ।

१२.प्रामाणिक रसिदको प्रयोग :

सेवा सन्चालकले स्वीकृत फर्मको इजाजत नं. सहित उल्लेख गरि नगदी रसिद (नं.सहित छाप लागेको ) मात्र प्रयोग गर्नुपर्ने छ ।

सो रसिदमा मु.अ.कर समेत समावेश गर्नुपर्ने छ ।

१३.सिमा :

क.नगरपालिकाको अन्य सडक तथा नाका भित्र यस्तो पेशा व्यवसाय संचालन गर्न पाईने छैन ।

ख.तोकिएको भौगोलिक क्षेत्रमा ५ किलोमिटर कम अन्तर हुने गरि अन्य स्थान क्षेत्रमा सोहि प्रकृतीको लागि अनुमति दिईने छैन ।

ग.माथि उल्लेखित सडकमार्ग बाहेकका सडक क्षेत्रमा व्यवसायिक सम्भावना, सडकको अवस्था/क्षमता र सुरक्षा जस्ता संबेदनशीलताका कारण यस्तो प्रकारका व्यवसाय संचालनका लागि अनुमति दिने छैन ।

निर्णय प्रतिलिपि उतार

१४.अन्य व्यवस्था :

क.अनुमति प्राप्त क्षेत्रमा सर्वसाधारणको आवागमन लगायत सवारी साधनको ओहोरदोहोरमा बाधा नपर्ने गरि पूर्ण सुरक्षित सरसफाई युक्त वातावरण तयार गर्नुपर्ने छ ।

ख.बुँदा न.८ र १३ मा निर्धारण गरिएको क्षेत्रमा व्यवसाय संचालन अनुमति भएतापनि प्राविधिक कारणले अन्यत्र सार्नुपर्ने भएमा मागदाबी र औचित्यताका आधारमा नगरपालिकाको निर्णयले ठाउँसारी गर्न बाधा हुने छैन ।

ग.जोखतौल भईसकेको प्रमाणित कागजात भएको अवस्थामा स्वैच्छाले तौलिने बाहेक सो अवस्थामा पुनः तौलिने पाइने छैन ।

घ.उल्लेखित व्यवस्थामा अन्य हेरफेर संसोधन गर्नुपर्ने भएमा नगरपालिकाले गर्न सक्नेछ ।

ङ.सो सम्बन्धि दररेट नगरसभाबाट तोके बमोजिम हुनेछ ।

मिति २०७७।०५।२५ को नगरकार्यपालिका बैठकवाट स्वीकृत (निर्णय नं.०४ संगसम्बं

९.

पनौती नगरपालिका

## सहकारी संस्थाहरुको साधारण सभा संचालन सम्बन्धि विशेष व्यवस्था २०७७

हाल विश्वव्यापी महामारीको रुप लिइरहेको COVID-19 को संक्रमण नियन्त्रण र व्यवस्थापन चूनौतीपूर्ण रहेको छ । वर्तमान समय जनस्वास्थ्यको हित प्रवर्द्धनमा केन्द्रित रहनुपर्ने भई स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी गराई आफ्ना गतिविधि सँचालन गर्दा संक्रमण विस्तार हुन नसक्ने भएकोले,

आर्थिक वर्षको प्रारम्भ पश्चातका पछिल्ला केहि महिना सहकारी सँस्थाहरुको नियमित साधारण सभाको समय भएकोले यस्तो सभामा स्वभाविक रुपमा हजारौ सदस्यको एकसाथ सहभागिता हुने अवस्थामा सहभागिताको संख्यात्मक उपस्थितिलाई प्रतिनिधिमूलक वनाई सभा सम्पन्न गर्न सक्दा सम्भावित जोखिम कम हुने हुँदा तत्सम्बन्धि कार्यका लागि संक्रमणकालिन समयमा साधारण सभा संचालन सम्बन्धि विशेष व्यवस्था हुन बान्छनिय भएकोले नगर सहकारी विकास समितिको सिफारिस एवं विधेयक समितिको सैद्धान्तिक सहमतिमा पनौती नगरकार्यपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११(ख)१,पनौती नगरपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने)ऐन २०७५को दफा ४ तथा नगर सहकारी ऐन२०७४ को दफा १०२ को अधिकार प्रयोग गरी <u>सहकारी संस्थाहरुको साधारण सभा संचालन सम्बन्धि विशेष व्यवस्था २०७७</u> स्वीकृत गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :** क.यसको नाम सहकारी संस्थाको साधारण सभा संचालन सम्बन्धि विशेष व्यवस्था २०७७ रहने छ ।

ख. यो व्यवस्था कार्यपालिकाले ~~गर्ने~~ गरेको स्वीकृत मितिदेखि लागू हुनेछ ।

**२.उद्देश्य :** क. सहकारी संस्थाहरुको साधारण सभालाई एउटै ढाँचामा समयमै संचालन गराउने ।

ख. COVID-19 को संक्रमणको जोखिमलाई कम गराउने ।

ग. सदस्यको हित प्रवर्द्धनलाई सुनिश्चित गर्ने ।

घ.संस्थाका गतिविधिलाई निरन्तरता दिने ।

**३. साधारण सभाको सूचना :** साधारण सभाको लागि जारी गरिने सूचना साधारण सभाभन्दा ७ दिन अगाडी जारी गर्नुपर्नेछ ।

**४.प्रतिवेदन:** क.सदस्यले प्रष्ट बुझ्ने ढाँचामा संस्थाको संक्षिप्त प्रगति प्रतिवेदन र प्रस्तावित वजेट योजना तथा कार्यक्रम,लेखापरिक्षकको सुझाव र टिप्पणी समेत संलग्नगरि प्रतिवेदन तयार पारी साधारण सभाको सूचनाको साथमा सदस्यलाई निजको घरदैलोमा पठाउनुपर्नेछ ।

ख. माथि क. बमोजिमको घरदैलो गर्दा क्षेत्र निर्धारण गरी भिडभाड नगरी,मास्कको उचित प्रयोग गरेर,भौतिक दुरी कायम गरी प्रवाह गर्नुपर्नेछ ।

**५.सहभागिता:**क. आफ्नो कार्यक्षेत्रलाई विभिन्न क्लष्टरमा विभाजन गर्नुपर्नेछ । यसरी विभाजन गर्दा अधिकतम २०० संख्याभन्दा बढी हुनेगरी विभाजन गर्न पाइने छैन् ।

ख. प्रत्येक क्लष्टरमा १०० जनाभन्दा बढीको भेला राख्न पाइनेछैन । यस्तो भेलावाट कुल २०० संख्यामा नबढ्ने गरी ग. १ हजार जनासम्म सदस्य भएको संस्थाले ५ जना र सो भन्दामाथि सदस्य संख्या भएको संस्थाले ३ जना प्रतिनिधि चयन गर्नुपर्नेछ ।

घ. १०० जनाको भेला १० वटाभन्दा बढी भएमा क्षेत्र र भूगोल मिल्ने गरी प्रति १० भेला वरावर एक क्षेत्रिय सभा गर्नुपर्नेछ ।यस भेलाले उल्लेखित (ख) बमोजिमकै अनुपातमा प्रतिनिधि छान्नुपर्नेछ ।र यस भेलामा क्लष्टरको निष्कर्ष प्रस्तुत गर्नुपर्नेछ ।

ङ. क्लष्टरको भेलामा औपचारिक उद्घाटनका भद्दा र समय बढी लाग्ने कार्यक्रम समावेश गर्न पाइनेछैन । यस्तो भेलाको नेतृत्व संस्थाको संचालक मध्ये १ जनाले गर्नुपर्नेछ ।

निर्णय प्रतिलिपि उत...
इन्द्रप्रसाद अधि...
वरिष्ठ प्रशासकीय...

च. साधारण सभामा छलफल हुने विषय प्रस्तुत गर्ने,उठेका जिज्ञासा प्रष्ट्याउने,राय सुझाव संकलन गर्नुपर्नेछ ।

छ. क्लष्टर भेलालाई साधारण सभाको अंश मानिनेछ ।

ज . संस्थाको निर्णय बमोजिम दिइने परिवहन,खाजा खर्च वापतको रकम सोही दिनमा उपस्थिति सँगै दिनुपर्नेछ ।

झ. साधारण सभाको परिवहन खर्च कर बाहेक अधिकतम रु.२००। भन्दा बढी दिन पाइने छैन् ।

ञ.. कार्यक्रममा खाना,खाजा जस्ता भोज भतेर गर्न पाइनेछैन ।

ट. पदावधि समाप्त भई निर्वाचन गर्नुपर्ने वर्ष रहेको भए संचालक समितिमा सर्वसम्मत निर्णय गराई विशेष परिस्थितिको कारण जनाइ १ वर्ष म्याद विस्तार गर्ने र उक्त निर्णयको सहमतिका लागि नगरपालिका सहकारी शाखामा लेखी पठाउनुपर्नेछ ।

ठ. माथि ज.बमोजिम सर्वसम्मत निर्णय नहुँदाको अवस्थामा प्रत्येक क्लष्टरबाट निर्वाचनमा उम्मेदवार हुने सदस्यहरुको नाम सूचीकृत गर्ने र मतदान हुने अवस्था आएमा उम्मेदवार स्वयं र क्लष्टरवाट छानिएका प्रतिनिधिले मात्र मतदानमा भाग लिने,तर यस्तो सँख्या २०० जनाभन्दा बढी भई भीडभाड हुने देखिएमा क्लष्टर अनुसारको समय निर्धारण गरी प्रभावकारी पूर्व सूचना प्रवाह गर्नुपर्नेछ ।

**६. मुख्य साधारण सभा र निर्णय प्रकृया :**

क. प्रत्येक क्लष्टरमा सम्पन्न भएको भेलाको निष्कर्ष साधारण सभामा पेश गर्नुपर्नेछ ।

ख. क्लष्टरवाट प्रतिनिधि छाँनिंदा अधिक संख्या भई क्षेत्रीय सभा गर्नुपरेको हकमा क्लष्टरको निष्कर्ष प्रस्तुत नगरी क्षेत्रीय सभाको निष्कर्ष पेश गर्नुपर्नेछ ।

ग.पूर्व प्रेषित विषयवस्तु उपर मात्र छलफल गर्नुपर्नेछ ।

घ. साधारण सभामा पुरस्कार,सम्मान,साँस्कृतिक कार्यक्रम जस्ता कार्यक्रमहरु समावेश गर्न पाइने छैन् ।

ङ. अभियानका नेता, राष्ट्रिय ब्यक्तित्व,बाह्य ब्यक्तिलाई अतिथिको रुपमा आमन्त्रण नगर्ने,स्थानीय रुपमा उपलब्ध संस्थाले उपयुक्त ठहर्‍याएको व्यक्ति वा संस्थाको ज्येष्ठ सदस्य वा संस्थाको अध्यक्षवाटै साधारण सभाको उद्‌घाटन गर्ने ब्यवस्था मिलाउनुपर्नेछ ।

च. संचालकको म्यादविस्तार भएकोमा सो को अनुमोदन गर्नूपर्नेछ ।

**७. साधारण सभा सम्पन्नगर्नुपर्ने अवधिः**सामान्यतयाः ०७७ माघ मसान्तसम्म साधारण सभा सम्पन्न गरि फागुनमसान्तभित्र प्रतिवेदन पेश गर्नुपर्ने ब्यवस्था मिलाउनुपर्नेछ ।

**८.संस्थाको लेखापरिक्षण :**क. साधारण सभाले पारिश्रमिक सहित सम्बन्धित लेखा परिक्षकको नाम किटानी गरेकाको हकमा निजवाटै सिधै लेखापरिक्षण गराउन बाधा नपर्ने र सभाले निर्णय नगरेको हकमा संचालक समितिले निर्णय गरि सहमतिकालागि सहकारी शाखामा लेखि पठाउनुपर्नेछ ।

ख. सामान्यतयाःअसोज मसान्तभित्र लेखापरिक्षण गराइसक्नुपर्नेमा यस वर्ष ०७७ कार्तिक मसान्तभित्र लेखापरिक्षण गराउन बाधा पर्ने छैन् ।

**९.अनुगमन सम्बन्धि व्यवस्था :** सहकारी संस्थाहरुको साधारण सभा यो विशेष व्यवस्था अनुरुप भए नभएको सम्बन्धमा नगरपालिकाको सहकारी शाखाले अनुगमन गरि प्रतिवेदन तयार पार्नेछ ।

**१०. वाधा अड्काउफुकाउ :** यो विशेष व्यवस्था उपर कनै थपघट, हेरफेर गर्नुपर्ने वा स्पष्ट गर्नुपर्ने भएमा विषयगत समिति/शाखाको सिफारिसमा कार्यपालिकाले आवश्यक निर्णय गर्नेछ ।

११. खारेजी र वचाउ :

२.

क. यो विशेष व्यवस्था वमोजिम भएको साधारण सभा प्रचलित कानूनी व्यवस्था वमोजिम नै भएको मानिनेछ ।

ख.यसमा लेखिएको कुराहरुको हकमा यसै विशेष व्यवस्था बमोजिम र अन्य कुराका हकमा प्रचलित सहकारी ऐन/बमोजिम हुनेछ ।

ग. यो विशेष व्यवस्था २०७८ असारमसान्त पछि स्वत:खारेज हुनेछ ।

निर्णय प्रतिलिपि उतार

इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत